# जेरियाट्रिक वार्ड स्थापना तथा सञ्चालन मार्गदर्शन

## आ.व. २०७७/०७८

## १. परिचय

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्तगर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकभित्र राखेको छ । त्यसैगरी संविधानले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले संविधानको भावना समेतलाई दृष्टिगत गरी आ.व. २०७०/७१ देखि जेरियाट्रिक वार्ड स्थापना तथा सञ्चालन निर्देशिका, २०७०" बमोजिम प्रेषण अस्पतालहरूमा जेरियाट्रिक वेड स्थापना गरी हालसम्म १६ वटा अस्पतालहरूबाट ज्येष्ठ नागरिकहरूलाई निःशुल्क एवम् सहुलियतपूर्ण रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ । चालु आ.व. मा थप ८ वटा अस्पतालहरूमा जेरियाट्रिक वार्ड स्थापना गर्ने लक्ष्य रहेको छ । यसरी यस आ.व. सम्ममा कुल २४ वटा अस्पतालहरूमा जेरियाट्रिक वार्ड सञ्चालन हुनेछन् ।

## २. आर्थिक वर्ष २०७६/७७ सम्म जेरियाट्रिक वार्ड स्थापना भएका अस्पतालहरू

<u>प्रदेश १</u>

१. वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

२. कोशी अस्पताल, विराटनगर

३. मेची अस्पताल, भद्रपुर

<u>प्रदेश २</u>

४. नारायणी अस्पताल, विरगञ्ज

५. जनकपुर अस्पताल, जनकपुर

बागमती प्रदेश

६. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पताल, ललितपुर

७. आयुर्वेद शिक्षण अस्पताल, कीर्तिपुर

८. भरतपुर अस्पताल, भरतपुर

९. बीर अस्पताल, राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान, काठमाडौं

१०. हेटौंडा अस्पताल, मकवानपुर

गण्डकी प्रदेश

११. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा अस्पताल, पोखरा

प्रदेश ५

१२. भेरी अस्पताल, नेपालगञ्ज, बाँके

१३. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही, दाङ्ग

१४. लुम्बिनी अस्पताल, बुटवल, रूपन्देही

कर्णाली प्रदेश

१५. प्रदेश अस्पताल, सुर्खेत

सुदूरपश्चिम प्रदेश

१६. सेती अस्पताल, धनगढी

## ३. आ.व. २०७७/७८ मा थप जेरियाट्रिक वार्ड सञ्चालन हुने अस्पतालहरू

प्रदेश १

१. उदयपुर अस्पताल, उदयपुर ।

प्रदेश २

२. गौर अस्पताल, रौतहट ।

३. गजेन्द्र नारायण सिंह अस्पताल, सप्तरी ।

**बागमती प्रदेश**

४. राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौं ।

५. शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाडौं ।

**गण्डकी प्रदेश**

६. धौलागिरी अस्पताल, बाग्लुङ्ग।

**कर्णालीप्रदेश**

७. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला ।

**सुदूरपश्चिमप्रदेश**

८. डडेलधुरा अस्पताल, डडेलधुरा,

## ४. उद्देश्य

ज्येष्ठ नागरिकका लागि सुलभ तरिकाले ज्येष्ठ नागरिक मैत्री हुने गरी उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्न नेपालका विभिन्न अस्पतालहरूमा जेरियाट्रिक वार्डको स्थापना तथा सञ्चालन गर्ने उद्देश्य रहेको छ । जेरियाट्रिक वार्डको स्थापना तथा सञ्चालन गरी ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने छ ।

## ५. कार्यक्रम सञ्चालन विधि

- अस्पतालका सबै विभाग र वार्डबाट ज्येष्ठ नागरिक मैत्री सेवा प्रदान गर्नुपर्ने छ । सामाजिक सेवा एकाइ स्थापना भएका अवस्थामा जेरियाट्रिक वार्डका लागि छुट्टै सम्पर्क व्यक्ति नतोकि सो एकाइबाट व्यवस्थापन, समन्वय एवम् सहजीकरण गरी लक्षित समूहलाई सेवा प्रदान गर्नुपर्ने छ ।

- मन्त्रालयबाट प्राप्त अनुदान र अस्पतालको आन्तरिक स्रोतबाट निश्चित रकम ज्येष्ठ नागरिकको स्वास्थ्य सेवाका लागि छुट्याइ सो बजेट सीमाभित्र रही निःशुल्क वा सहुलियतमा स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने छ ।

- स्वास्थ्य बीमा कार्यक्रम लागू भएको अवस्थामा बीमाबाट नै उपचार गर्न प्राथमिकता दिनुपर्ने छ । उपचारको क्रममा बीमाको रकम अपुग भएको अवस्थामा वा सम्बन्धित ज्येष्ठ नागरिक बिमित नै नभएको अवस्थामा मात्र यस कार्यक्रमको रकम खर्च गर्नुपर्ने छ ।

- सामाजिक सेवा एकाइ स्थापना भएको अवस्थामा अस्पतालले सो एकाइ र जेरियाट्रिक वार्डको बजेटलाई एउटै बास्केटमा राखेर उपचार खर्च व्यवस्थापन गर्नुपर्ने छ ।

- मन्त्रालयबाट निर्धारण गरिएको बजेटभन्दा बढी रकम खर्च भएको अवस्थामा मन्त्रालयले शोधभर्ना गर्नेछैन ।

- अस्पतालमा भर्ना भएका अतिगरिब, अशक्त एवम् असहाय ज्येष्ठ नागरिकलाई जेरियाट्रिक वेडमार्फत नि:शुल्क वा सहुलियत रूपमा उपचार सेवा प्रदान गर्नुपर्ने छ ।

- आ.व. २०७७/७८ मा जेरियाट्रिक वार्ड स्थापना गर्ने अस्पतालहरूले मन्त्रालयबाट प्राप्त अनुदानको २० प्रतिशत बजेट वेड, औजार, उपकरण खरिदमा खर्च गर्न सक्नेछन् भने बाँकी ८० प्रतिशत बजेट अशक्त, असहाय, ज्येष्ठ नागरिकको उपचारमा खर्च गर्नुपर्ने छ ।

- जेरियाट्रिक वार्ड स्थापना भइसकेका अस्पतालहरूले मन्त्रालयबाट प्राप्त सबै अनुदान रकम ज्येष्ठ नागरिकको उपचारमा खर्च गर्नुपर्ने छ ।

- उपचारमा सहुलियत प्रदान गर्दा सबै ज्येष्ठ नागरिकहरूलाई समान रूपमा सहुलियत प्रदान नगरी बृद्ध अवस्था (उमेरको हद), आर्थिक हैसियत र शारीरिक अशक्ततालाई आधार मानि स्वयम् अस्पताले नि:शुल्क उपचार एवम् उपचारमा सहुलियतको मापदण्ड निर्माण गर्नुपर्ने छ ।

- यस मार्गदर्शनमा उल्लेख गरिएका प्रावधान एवम् सेवा शर्तहरूले जेरियाट्रिक वार्ड स्थापना तथा सञ्चालन निर्देशिका, २०७० लाई प्रतिस्थापन गर्नेछ र यस मार्गदर्शनमा उल्लेख नगरिएका अन्य विषयहरूको हकमा भने सोही निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

- जेरियाट्रिक वार्ड स्थापना तथा सञ्चालन गरी चौमासिक रूपमा मन्त्रालयमा प्रगति प्रतिवेदन पठाउनुपर्ने छ । सो प्रतिवेदन पठाउँदा लिङ्ग(महिला, पुरुष, तेस्रो लिंगी); उमेर (६० वर्षदेखि ६९ वर्षसम्म;७० वर्षदेखि ७९ वर्षसम्म; ८० वर्षदेखि ८४ वर्षसम्म र ८५ वर्षभन्दा माथि); रोगको किसिम; बीमाबाट बेहोरिएको रकम; बीमा रकम अपुग भएकोमा जेरियाट्रिक/सामाजिक सेवाबाट बेहोरिएको रकम; अन्यत्र प्रेषण गरिएको, आदि कुराहरू समावेश भएको हुनुपर्ने छ ।

## ६. बजेट विवरण

जेरियाट्रिक वार्ड स्थापना तथा सञ्चालनका लागि निम्नानुसार बजेट बाँडफाँड गरिएको छ :

| क्र.सं. | अस्पतालको नाम | वार्ड स्थापनाखर्च | उपचार खर्च | कुल बजेट |
|---|---|---|---|---|
| | कोशी अस्पताल, विराटनगर | ० | ५,००,००० | ५,००,००० |
| 2. | वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | ० | १,७०,००,००० | १,७०,००,००० |
| 3. | नारायणी अस्पताल, बीरगञ्ज | ० | २०,००,००० | २०,००,००० |
| 4. | गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज | ३,००,००० | १२,००,००० | १५,००,००० |
| 5. | भरतपुर अस्पताल, भरतपुर | ० | १०,००,००० | १०,००,००० |
| 6. | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, बीर अस्पताल, काठमाडौं | ० | ३०,००,००० | ३०,००,००० |
| 7. | राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौं | ३,००,००० | १२,००,००० | १५,००,००० |
| 8. | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पताल, ललितपुर | ० | २५,००,००० | २५,००,००० |
| 9. | शहिदशुक्रराज ट्रपिकल अस्पताल, काठमाडौं | २,००,००० | ८,००,००० | १०,००,००० |
| 10. | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा अस्पताल, पोखरा | ० | १०,००,००० | १०,००,००० |
| 11. | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, राप्ती अस्पताल, दाङ्ग | ० | ५,००,००० | ५,००,००० |
| 12. | भेरी अस्पताल, नेपालगञ्ज | ० | १०,००,००० | १०,००,००० |
| 13. | डडेलधुरा अस्पताल, डडेलधुरा | ३,००,००० | १२,००,००० | १५,००,००० |
| 14. | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | २,००,००० | ८,००,००० | १०,००,००० |
| | **जम्मा** | **१३,००,०००** | **३,३७,००,०००** | **३,५०,००,०००** |

susalarnik@gmail.com